Registration No. 170208/073/74 PAN No. 605933471

Kathmandu Institute of Child Health
Children's Hospital Network
Budhanilakantha Municipality, Ward No. 7, Hepali Height, Kathmandu, NEPAL
Phone: +977-1-4370373, email: info@kioch.org.np, web: kioch.org.np

# कार्य विवरण

**पद सम्बन्धी जानकारी :**

| | |
|---|---|
| पद | गुणस्तर नियन्त्रक |
| कार्य अवधि | ४२ कार्य दिन |
| कार्यको प्रकृति | करार |
| कार्य समय | हप्ताको ४० घण्टा |
| कार्य दिन | हप्ताको ६ दिन |
| कार्यक्रम | Digitalized Family Health Profile निर्माण तथा प्रकाशन |
| कार्यक्षेत्र | बुढानिलकण्ठ नगरपालिकाको वडा न. ७ र ४ |
| सुपरभाइजर | बुढानिलकण्ठ नगरपालिका र KIOCH को फोकल व्यक्ति |
| पारिश्रमिक | बुढानिलकण्ठ नगरपालिकाको नियमअनुसार |
| पालना गर्नुपर्ने नीतिहरू | सबै गुणस्तर नियन्त्रकहरुले बाल संरक्षण **(Child Protection),** यौन शोषण र दुर्व्यवहारबाट सुरक्षा **(Protection from Sexual Exploitation and Abuse - PSEA)** तथा ईन्स्टिच्युटका अन्य नीतिहरूको पूर्ण रूपमा पालना गर्नुपर्नेछ। |

## १. कार्यक्रमबारे जानकारी

नेपालमा बढ्दो शहरीकरणले स्वास्थ्य क्षेत्रमा विभिन्न असरहरू पुऱ्याइरहेको छ । शहरी क्षेत्रमा सर्ने र नसर्ने रोग, मानसिक रोग, कुपोषण, वायु प्रदूषण, र फोहोर व्यवस्थापन लगायतका समस्या विद्यमान छन् । वागमती प्रदेश, काठमाडौं जिल्लाको बुढानीलकण्ठ नगरपालिकामा पनि शहरीकरण तिव्ररूपमा बढिरहेको छ।

बुढानिलकण्ठ नगरपालिकामा द्रुत शहरीकरण, जनसंख्या वृद्धि तथा जीवनशैलीका कारणले स्वास्थ्य समस्याहरू बढ्दै गएका छन्, जसले जनस्वास्थ्यका लागि महत्वपूर्ण चिन्ता निम्त्याएको छ। नगरपालिकासँग यहाँका बासिन्दाहरूको स्वास्थ्य सेवा लिने व्यवहार, स्वास्थ्य जोखिमको अवस्था, विद्यमान स्वास्थ्य समस्या जस्ता विषयहरूबारे प्रर्याप्त तथ्याङ्क छैन। तसर्थ यस अध्ययनको उद्देश्य समुदायका व्यक्तिहरूको स्वास्थ्यमा प्रतिकुल प्रभाव पार्ने समस्याहरूको पहिचान र अन्वेषण गर्नु हो। यी सूचनालाई सम्बोधन गरेर, यो अध्ययन पश्चात वडा नं ७ र वडा नं ४ का बासिन्दाहरूको एक समग्र स्वास्थ्य प्रोफाइल तयार गरिनेछ ।

स्वास्थ्य प्रोफाइल तयार गर्नुको उद्देश्य यी वडाका प्रत्येक व्यक्तिलाई भविष्यका स्वास्थ्य पहलहरूमा समावेश गर्नु हो। स्वास्थ्य प्रोफाइलले विशेष रोगहरू लक्षित सेवा र आगामी दिनहरुमा नगरपालिकाबाट प्रदान गरिने समुदाय-स्तरीय स्वास्थ्य सेवाहरूका वारेमा जानकारी गराउन मद्दत गर्दछ। जनताको स्वास्थ्य अवस्था

र व्यवहारलाई बुझेर, नगरपालिकाले समुदायका आवश्यकताहरू अनुसार स्वास्थ्य सेवाका कार्यक्रमहरू निर्माण गर्न सक्छ, जसबाट समुदायको आवश्यक स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न सकिन्छ।

यो कार्यक्रम बुढानिलकण्ठ नगरपालिकाको तर्फबाट Kathmandu Institute Of Child Health को संयोजकत्व एवं Herd International र Helping Hands Community Hospital को प्राबिधिक सहयोगमा संचालित गरिएको छ ।

## २. न्युनतम योग्यता / शीप

**न्युनतम योग्यता**

- जनस्वास्थ्य विषयमा स्नातक तह उत्तीर्ण।

**आवश्यक शीप**

- यस कार्यक्रमसंग आबद्ध सरोकारवाला व्यक्तिहरु साथै गणकहरू सँग समन्वय गर्न सक्ने कुसल व्यवहारिक सञ्चार कला भएको ।
- समूह परिचालन गर्न सक्ने क्षमता भएको ।
- समय व्यवस्थापनको सीप भएको ।

## ३. मुख्य जिम्मेवारीहरू

गुणस्तर नियन्त्रकले निम्न जिम्मेवारीहरू पालना गर्नुपर्ने छ ।

- सम्झौता अवधिभर बुढानिलकण्ठ नगरपालिकाको नियम र मापदण्ड पालना गर्ने ।
- प्रशिक्षणमा नियमित सहभागी भई तथ्याङ्कको ढांचाको ज्ञान लिने ।
- तथ्याङ्क संकलन गर्नु पूर्व वडाको भूगोलको ज्ञान लिने साथै समूह परिचालनको योजना बनाउने।
- घरधुरी सूचीकरणमा तथ्याङ्क संकलकसंग सहकार्य गर्ने ।
- तथ्याङ्क संकलकलाई नियमित रूपमा अनुगमन गर्ने तथा निर्देशन दिने ।
- तथ्याङ्क संकलनको क्रममा आइपरेका चुनौतीलाई समाधान गर्न प्रयत्न रहने ।
- आवश्यकता अनुसार फील्ड नोटहरू लेख्ने ।
- प्रगतिबारे नियमित रूपमा अद्यावधिक गर्ने, चुनौतीहरूको जानकारी दिने ।
- तथ्याङ्क संकलकको हाजिरीको नियमित रूपमा अद्यावधिक गर्ने ।
- तथ्याङ्क संकलनका बेला कुनै असम्भाव्य समस्याहरू भएमा तत्काल सुपरीवेक्षकलाई सम्पर्क गर्ने ।
- तथ्याङ्क सङ्कलनका लागि आवश्यकतानुसार सम्बन्धित व्यक्तिहरू र संस्थाहरूसँग समन्वय गर्ने ।
- तोकेका अन्य कार्य गर्ने ।

## ४. विविधता, समानता, समावेशिता, र पहुँच

यस कार्यक्रमका सबै साझेदारहरू लैंगिक समानता, सामाजिक समावेशीकरण, विविधता, समानता, र पहुँच जस्ता विषयलाइ प्रबर्धन गर्न प्रतिबद्ध छन् ।